# भोजपुर नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय**

सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र प्राप्ति पछिको भोजपुर नगरपालिकाको प्रथम नगर सभाको यस गरिमामय बैठकमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने आदरणीय अतिथीज्यूहरु, सभासदस्यज्यूहरु साथै स्थानिय तिनवटै रेडियो सुनिरहनु भएका नगरवासीहरुमा भोजपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

भोजपुर नगरपालिकाको प्रथम नगर सभाको यस गरिमामय सभामा सर्वप्रथम म प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्रको स्थापना लगायत जनताको अधिकार र स्वतन्त्रताका लागि बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताका निमित्त आफ्नो प्राणको आहुती गर्ने ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधान जारी भएपछि पहिलोपटक भएको स्थानीय तहको निर्वाचनले हाम्रो देश लामो समय देखिको राजनीतिक अन्यौलताबाट मुक्त भएको छ । देश र जनताले लाामो समयको प्रतिक्षापछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान पाएको छ । लोकतन्त्रको आधार स्तम्भका रुपमा रहने स्थानीय तहहरुमा बिगत लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुँदा जनताका प्रतिनिधिमूलक संस्थाहरु कर्मचारीतन्त्रको भरमा सञ्चालन हुँदै आएका थियो । जनताका बास्तबिक माग र आवश्यकताको पूर्ण विश्लेषण गरी बिकास निर्माणका काममा थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारी सहितका निर्वाचित जनप्रतिनिधिहरु भखरै आएका छन् ।

**सभाध्यक्ष महोदय**

## भोजपुर नगरको संक्षिप्त परिचय

नेपालमा प्रथमपटक संविधानसभाद्वारा संविधानको निर्माण भई जारी भएको विषय हामी सबैलाई सर्वविदतै छ । यसले देशलाई केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रूपमा रूपान्तरित गरेको छ । नेपालमा व्यवस्था गरिएको ७४४ स्थानीय तह मध्ये भोजपुर जिल्लामा ७ गाँउपालिका र २ नगरपालिकाको व्यवस्था भएको छ । यी ९ स्थानीय तहहरू मध्ये भोजपुर एक सुन्दर रमणीय र प्राकृतिक छटाले भरिपूर्ण प्रचुर सम्भावनायुक्त नगरपालिका हो ।

यस भोजपुर नगरपालिकाको पूर्वमा अरुण र पौवादुङ्गमा गाँउपालिका, पश्चिममा ट्याङ्केमैयूम गाँउपालिका, दक्षिणमा रामप्रसाद राई गाउँपालिका र उत्तरमा षडानन्द नगरपालिका रहेका छन् । यो भोजपुर नगरपालिका साविक भोजपुर नगरपालिका, साविक हैलौंछा, गुप्तेश्वर, सिद्देश्वर र आम्तेक गा.वि.स. मिलेर १२ वडाहरू रहेको नगरपालिका बनेको छ । यस भोजपुर नगरपालिकामा जनजाति (राई, गुरूङ, मगर, तामाङ, भुजेल, नेवार आदि) खस (ब्राह्मण, क्षेत्री, उत्पीडित) जस्ता विभिन्न जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहदै आएको छ ।

**सभाध्यक्ष महोदय**

अव म यस भोजपुर नगरपालिकाको विकासका चुनौती तथा सम्भावनाहरुलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**चूनौतीहरु :**

- नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण टोलवस्तीहरुमा निर्मित सडकहरुको मर्मत र स्तरोन्नती गरी दिगो बिकास हासिल गर्नु प्रमुख चुनौतीका रुपमा रहेको छ ।
- नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्त न्यून छ । जनताका बिकास निर्माणका माग र चाहना पुरा गर्न प्रर्याप्त लगानी जुटाउनु अर्को चुनौती भएको छ ।
- उपभोक्ताहरुमा बिकास निर्माणका कार्यमा अपेक्षाकृत रुपमा स्वामित्व र अपनत्व सिर्जना हुन सकेको छैन भने युवा श्रमशक्ति रोजगारका लागि बिदेशिने क्रम तीव्र रहेको छ ।

**सम्भावनाहरु** :

- भोजपुर नगरको अधिकाँश भू-भाग कृषि उत्पादनको दृष्टिले उर्वर रहेको छ भने सिचाईका लागि प्रशस्त पानीका स्रोतहरु हामीसँग उपलब्ध छन् । त्यस्ता स्रोतहरुको समूचित प्रयोग गर्न सकिएमा कृषि क्षेत्रको उत्पादन र उत्पादकतत्व बढाउन सकिने सम्भावना व्यापक छ
- भोजपुर नगरको कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको छ । यस अवस्थामा आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको बिकास गर्न र उत्पादनमा बृद्धि गर्न सकिने प्रशस्त सम्भावना छ भने कृषिको पकेट क्षेत्रको बिकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने देखिन्छ ।

- मौसमी तथा बेमौसमी तरकारी खेती, अलैंची, सुन्तला, कागती, बेसार, अदुवा, जडीबुटी तथा नगदे बालीको खेती बिस्तार गरी कृषकको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।
- यस नगरपालिकामा पर्यटनको लागि सम्भावना वोकेका क्षेत्रहरु प्रशस्त छन् । सुन्तलेडाँडा, कैलाशडाँडा, धापखर्कडाँडा, वाराहागे, अरुणडाँगा, सिद्धकाली मन्दिर, सिद्धकाली मन्दिर देखि सरस्वती गुफा आदि पर्यटकीय स्थलहरु छन ।
- नागरिकहरुमा देखिएको विकासको व्यग्रता, जिल्लाको विकासका लागि क्रियाशिल राजनीतिक दलहरुमा देखिएको चासो, एकता र सहकार्य भोजपुर नगरपालिकाको लागि सवै भन्दा ठूलो सम्भावना हो भन्ने मैले विश्वास गरेको छु ।

उपरोक्त सम्भावना र चुनौतीका बीच प्रस्तावित आगामी आ.ब.२०७४/०७५ को बजेटमा यातायात, संचार, अन्य भौतिक पूर्वाधार, बिभिन्न सांस्कृतिक सम्पदाको बिकास, कृषि तथा नगदेबालीको विकास, बिद्युत शक्तिको बिस्तार र बिकास एवं समाजका सबै वर्ग र क्षेत्रको समानुपातिक र समाबेशी बिकासको परिकल्पना सहित निम्न उद्देश्य एवं प्राथमिकताहरु प्रस्तुत गरिएको छ :

क. परम्परागत कृषि प्रणालीबाट ब्यवसायिक खेती तर्फ कृषकलाई उन्मुख गराउने,

ख. बिकास निर्माणका कार्यलाई दिगो, भरपर्दो र जनमुखी बनाउने,

ग. बास्तविक आबश्यकताको परिपूर्तिका लागि उपयुक्त बिकल्पको छनौट र कार्यान्वयनमा जनतालाई जागरुक गराउने,

घ. सरकारी निजी साझेदारीको अवधारणा अनुसार नगरपालिकाको अर्थ ब्यवस्थालाई गतिशिल बनाउने,

ङ. बालबालिकाको हक, हित र अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै जिल्लाको शैक्षिक गुणस्तरमा सुधार ल्याउने,

च. लक्षित बर्गको आर्थिक, सामाजिक तथा मानवीय पक्षमा सुधार एवम् समतामुलक समाजको बिकास गरी नगरलाई समृद्ध नगरको रुपमा अगाडि बढाउने,

छ. हिंसा पिडित महिला, बालबालिका तथा अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग गरी मानवीय संवेदनायुक्त समाजको बिकास गर्ने,

ज.  आन्तरिक स्रोत र साधनको बृद्धि गर्दै लगी नगरपालिकालाई आत्म निर्भर तर्फ उन्मुख गराउने,

ञ. नगरपालिकाबाट यस आ.व.०७४□०७५ मा सञ्चालन गरिने आयोजनाहरु कार्तिक महिना भित्र सम्फौता गरि कार्यान्वयन गर्न उत्प्रेरित गरिने र सो समयभित्र सम्फौता हुन नसकेका आयोजनाहरुको  वैकल्पिक व्यवस्थावाट कार्यान्वयन गरिने छ ।

**सभाध्यक्ष महोदय**

अब म भोजपुर नगरको आ.ब. ०७४/०७५ को नीति तथा कार्यक्रम तर्फ यहाँहरूको ध्यान आकर्षण गर्दछु ।

***राजस्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम***

- नगरपालिकाको राजस्व परिचालनका दरहरु निर्धारण गर्दा बिद्यमान ऐन नियम, नीति, निर्देशिका, प्रचलित कार्यविधिवाट निर्देशित हुनेछन् ,
- आन्तरिक आयलाई बृद्धि गर्दै लैजाने विगतको नीतिलाई निरन्तरता दिईनेछ ,
- राजस्वका थप स्रोतहरुको पहिचान र उपयोगको लागि विस्तृत अध्ययन र सर्वेक्षण गरिने छ ,
- नगरपालिकाको आन्तरिक उत्पादनलाई वढवा दिदै निर्यात प्रवर्द्धनमा जोड दिईनेछ ,
- अनाधिकृत रुपमा भईरहेको प्राकृतिक स्रोत साधनको व्यवसायलाई राजश्वको दायरामा ल्याइने छ ,
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरिने छ । चुहावटका सम्भावित स्थानहरुमा कर संकलनका लागि ढाट राख्ने तर्फ ध्यान केन्द्रित गरिने छ ।
- नगरबाट लिइने कर राजस्व, शुल्क आदि व्यवस्थित र नियमन गरिने छ र नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ ।
- घर जग्गा पास, नक्सा पास, कर-राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।
- एकीकृत कर प्रणालीलाई अझ वैज्ञानिक बनाई निरन्तरता दिइनेछ र नगरका बाकी वडाहरुमा समेत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

***कृषि, पशुपालन, वन तथा वातावरण एवं जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम***

- कृषिलाई निर्वाहमुखीवाट व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्न विषेश जोड दिईने छ ,
- एक वडा एक उत्पादन नीतिको प्रवद्धन गरिने छ ,
- कृषि उत्पादनको वजार व्यवस्थापनमा नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ,
- सुन्तला, कागती, अलैची, अम्रिसो जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटी र रुद्राक्षको उत्पादन लाई विशेष प्रोत्साहन गरिने छ ,
- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सिंचाई सुविधामा बृद्धि गर्दै लगिने छ ,
- कृषि उपजको संकलन तथा बजार ब्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ,
- कृषि उत्पादन-प्रशोधन र व्यापार कार्यलाई एकिकृत गरी तुलानात्मक रुपमा बढी प्रतिफल दिने उत्पादनहरुको बजार उपलब्धताको सुनिश्चित हुने नीति लिइनेछ ,
- उन्नत जातका पशुपालन तर्फ किसानलाई प्रोत्साहन गरिने छ ,
- वन तथा वातावरण संरक्षणलाई ध्यान दिदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृतिलाई कडाईका साथ नियन्त्रण गरिने छ ,
- जलवायु परिवर्तनका कारण सिर्जना हुने समस्याको न्यूनिकरणका लागि सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ,
- विकास निर्माण कार्यमा प्राकृतिक श्रोतको सदुपयोग गर्न अध्ययन अनुसन्धान गरी IEE/EMP/SMP बनाई आर्थिक, सामाजिक वातावरण मैत्री विकासमा जोड दिइनेछ ।

***भौतिक पूर्वाधार तथा सडक सम्वन्धी नीति तथा कार्यक्रम***

- गाउँ घरको पर्यावरण संरक्षण गर्न एवम् आर्थिक, सामाजिक र वस्ती विकासलाई व्यवस्थित गर्न "घर-घरमा सडक होइन सडक किनारमा घर" को नीति अवलम्वन गरिने छ,
- प्रत्येक नगरपालिका क्षेत्रभित्रका सडकहरु बाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरउन्नती गरिने छ ,
- आगामी आर्थिक वर्ष भित्र सवै वडा लाई सडक सञ्जालमा आवद्ध गरिने छ ,
- महत्वपूर्ण र कृषि सडकहरुलाई उपयोगमा ल्याउन त्यस्ता सडकहरुमा सडक हेरालुको व्यवस्था गरिने छ ,

- मिटर छोडेर मात्र स्थायी संरचना बनाउनु पर्ने प्रावधानको कार्यान्वयनका लागि जागरण/सचेतना फैलाउने कार्यलाई नागरिक समाज, सञ्चार जगत र गैर सरकारी संघ संस्था समेतको सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन् ,
- सडक लगायतका पूर्वाधार निर्माण गर्न भनि गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार समेतमा विशेष जिम्मेवार र जवाफदेही वनाउने नीति लिइनेछ,
- नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड बिपरीत कार्य गर्ने कार्यलाई निरूत्साहित गरी कानुनी दायरामा ल्याइनेछ । विषेशज्ञ समेतको प्रतिनिधित्व रहने समितिद्वारा निर्माण भएका संरचना तथा विकास आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरी व्यवस्थित गरिने छ ।
- भोजपुर नगर उज्यालो कार्यक्रम अन्तरगत सडकमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता  दिइनेछ ।
- नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालीन एवम् वातावरण मैत्री दिगो विकासको लागि गुरू योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

***खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम***

- जिल्लालाई सन २०१७ भित्र खुला दिशा मुक्त वनाउन भोजपुर नगरपालिकाभित्रका केहि वडाहरुलाई तत्काल खुला दिशा मुक्त घोषणा गरिनेछ । साथै आवश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गर्दै लगिनेछ ।
- यसका लागि जिल्लाका सम्पूर्ण नगरवासीहरु, सरकारी कर्मचारी, शिक्षक, सरकारी तथा नीजि संस्थाका पदाधिकारीहरुलाई १ महिना भित्र विना सहुलियत अनिवार्य रुपमा नीजि शौचालय बनाउन निर्देशन गर्ने र निर्देशनको पालना नगर्नेलाई सार्वजनिक सेवा सुविधाबाट बञ्चित गर्ने तर्फ प्रक्रिया अगाडि वढाइने छ भने आम नागरवासीहरुलाई खुला दिशामुक्त क्षेत्र घोषणामा अमुल्य सहयोग गर्न आव्हान गरिनेछ ।
- नगर भित्र ढलनिकास समस्यालाई समाधान गर्न सम्भाव्यता अध्ययन गरी कार्यक्रम अगाडि बढाइने छ ।
- खुला दिशामुक्त घोषित भई सकेपछि नगरपालिकाहरुमा सो कार्यक्रमको दिगोपनाका लागि थप कार्यक्रमहरु सञ्चालन गरिने छन्,
- नगरपालिकाभित्र स्वच्छ खानेपानी एक घर एक धारा नीतिलाई अगाडि बढाउने छ ।

- शनिवारे हटियाको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । साथै पशु बधशालालाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ ।

### *उद्योग,पर्यटन तथा बाणिज्य सम्वन्धी नीति तथा कार्यक्रम*

- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिईने छ ,
- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिने छ ,
- नगरपालिकाभित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको बिकास गरिने छ । साथै आन्तरिक तथा बाहय पर्यटन प्रबर्द्धन गर्ने नीति लिईने छ ,
- कृषिजन्य उत्पादनको बजार ब्यवस्थापनमा जिल्ला उद्योग बाणिज्य संघलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गरिनेछ ,
- पर्यटन/होमस्टे र सास्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ ।

### *शिक्षा, स्वास्थ्य तथा सामाजिक बिकास सम्बन्धी नीति तथा कार्यक्रम*

- शिक्षाको गुणस्तर सुधार गर्न कार्यसम्पादन सम्फौता गर्दै जाने नीति अवलम्वन गरिने छ ,
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराउने नीतिलाई अगाडि सारिने छ ।
- भविष्यका कर्णधारका रुपमा रहेका विद्यार्थीहरुको पठनपाठन र पढ्न पाउने नैसर्गिक अधिकारलाई सीमित गर्न खोज्ने कुनै पनि प्रवृतिलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ,
- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी वनाउन नगर भित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाईने छ ,
- स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी वनाईने छ,
- वालवालिकालाई **“पूर्ण खोप सुनिश्चितता”** गराउने कार्यक्रमलाई तीव्रता दिईने छ,
- जिल्ला अस्पतालको भौतिक संरचना विकास र स्तरोन्नतीका लागि विशेष जोड दिईनेछ ।

- जिल्ला अस्पताललाई ५० शैयाको दरवन्दी कायम गर्न अगाडि बढाइने छ ।

***सुशासन एवं दिगो बिकास सम्बन्धी नीति तथा कार्यक्रम***

- भोजपुर नगरपालिकाको भवन निर्माणलाई यथाशिघ्र निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्ष देखी नयाँ भवन सञ्चालनमा ल्याइने छ । साथै जनतालाई पायक पर्ने स्थानबाट वडा कार्यालयहरु सञ्चालनमा ल्याइने छ ।
- आवश्यकता अनुसार कर्मचारी प्रशिक्षण आदिको व्यवस्थापन गरिने छ । सोको लागि सेवा निवृत कर्मचारीहरुको समेत ज्ञान र सिपको उपयोग गरिने छ ।
- नगरपालिकाभित्र निर्माण भई सकेका पूर्वाधारका संरचनाहरुको मर्मत संम्भार गरी दिगो र भरपर्दो बनाउँदै लगिने छ ,
- नगरपालिकाभित्रका बिषयगत कार्यालयहरु र नगर वडाकार्यालयबाट जनतालाई उपलब्ध गराउने सेवालाई थप पारदर्शी र प्रभावकारी बनाईने छ ,
- नगरपालिका, बिषयगत कार्यालयहरु तथा नगर वडा कार्यालयबाट प्रबाह भई रहेको सेवालाई सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणका माध्यमवाट थप पारदर्शी वनाईने छ ,
- हरेक आयोजनाको उपभोक्ता माझमा सार्वजनिक लेखा परीक्षण भएपछि मात्र अन्तिम भुक्तानी दिईने छ ,
- विकास निर्माणमा क्रियाशिल उपभोक्ता समितिहरुलाई थप जिम्मेवार र जवाफदेही वनाईने छ ।
- नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार गरिनेछ ।

***वजेट वक्तव्य :***

***सभाध्यक्ष महोदय***

अब म नगरपालिकाको यस आ.ब.०७४/७५ को समष्टिगत बजेट प्रस्तुत गर्न चाहन्छु ।

उपरोक्त नीति तथा कार्यक्रमहरुलाई सफल रुपमा कार्यान्वयन गर्नको लागि यस आर्थिक वर्ष २०७४□०७५ मा आय तर्फ गत आर्थिक वर्षको खर्च हुन वाँकी रहेको कर

तथा राजश्व रु.१ करोड ५ लाख ५८ हजार सातसय उनन्चालीस पैसा पचपन्न, यस आ.व.को कर तथा राजश्ववाट रु. ६७ लाख ५० हजार, गत आर्थिक वर्ष ०७३□७४ को खर्च हुन वाँकी रहेको अनुदानबाट रु. २ करोड ३४ लाख ७१ हजार अठाह्र पैसा सड्सठी, राजश्व वाँडफाडबाट रु. ४३ लाख, अन्तर सरकारी वित्तीय हस्तान्तरणवाट रु. ३४ करोड ६० लाख ४५ हजार र जनसहभागितावाट रु. ९८ लाख ९४ हजार गरी कुल रु.४० करोड १० लाख १८ हजार सात सय अन्ठाउन्न पैसा वाइस आय प्रस्ताव गरिएको व्यहोरा यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

यसैगरी व्यय तर्फ आर्थिक विकास तर्फ रु. २ करोड २८ लाख ३४ हजार पाँच सय असी, सामाजिक विकास तर्फ रु.२ करोड ४८ लाख ८५ हजार चार सय, पुर्वाधार विकास तर्फ रु. १५ करोड ६४ लाख एक हजार सात सय, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ३५ लाख १८ हजार दुई सय पचास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु. १ करोड ४१ लाख ३१ हजार छ सय पचास, सशर्त अनुदान तर्फ रु.१३ करोड ६९ लाख ३७ हजार र प्रशासनिक खर्च तर्फ रु. ३ करोड २१ लाख ७३ हजार गरी कुल व्यय रु.३९ करोड ८ लाख ८१ हजार पाँच सय असी अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय

वजेट भनेको तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य तथा उदेश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल सम्पुर्ण संघ संस्था, नागरिक समाज र सम्पुर्ण नगरवासीहरुको सामुहिक प्रयासवाट मात्र सम्भव हुने भएकोले समग्र भोजपुर नगरको विकास गर्नका लागि तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पुर्ण पक्षवाट आवश्यक सहयोग हुने छ भन्नेमा पूर्ण विश्वस्त छु ।

आ.व. २०७४/०७५ को प्रस्तुत नीति तथा कार्यक्रम र प्रस्तावित बजेटबाट नगरपालिकाको भौतिक पूर्वाधार विकास एवं आर्थिक तथा सामाजिक बिकासमा ठोस योगदान पुगी जनताको जीवनस्तरमा सुधार हुने छ भन्ने बिश्वास लिएको छु ।

साथै प्रस्तुत नीति तथा कार्यक्रम एवं बजेट तयार पार्न सहयोग तथा सक्रियताका साथ लाग्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, सम्पुर्ण सभासदज्यूहरु, नगर स्थित कृयाशिल राजनीतिक दलहरु, सम्पूर्ण विषयगत कार्यालयहरु, वुद्धिजीवि, नागरिक समाजका प्रतिनिधि, कर्मचारी मित्रहरु र समाजसेवी सबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा

प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नु हुने जिल्लावासी दाजुभाई तथा दिदीवहिनीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।  यस नीति तथा कार्यक्रम एवं बजेटको सफल कार्यान्वयनका लागि सदाझै सवैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आफ्नो कार्य व्यस्तताको वाबजुद पनि नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी  प्रथम नगर सभा वैठकमा उपस्थित भई कार्यक्रमको गरिमा बढाई दिनु भएकोमा सम्पूर्ण अतिथिज्यूहरुप्रति विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै स्थानीय तीनै वटा रेडियोबाट प्रत्यक्ष प्रसारण मार्फत सुनिरहनु भएका आदरणीय नगरबासीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।